# आर्थिक वर्ष २०८२/०८३ को
# बजेट

लमही नगरपालिका, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०८२

# लमही नगरसभामा मिति २०८२ आषाढ १० गते मंगलबार
# उप प्रमुख श्री लक्ष्मी योगीद्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८२/०८३ को
# बजेट

लमही नगरपालिका, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०८२

सत्रौं नगरसभाका सम्मानित अध्यक्ष महोदय,
सम्मानित सदस्य ज्यूहरु,
उपस्थित सम्पूर्ण महानुभावहरु,

यस सम्मानित नगसभा समक्ष लमही नगरपालिकाको नगर उप-प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटको प्रस्तुत गर्न पाउदा आफुलाई गौरवान्वित महशुस गरेको छु ।

यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि समय समयमा भएका आन्दोलनको क्रममा जिवन उत्सर्ग गर्नुहुने महान शहिदप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दैं घाइते, अपाङ्गता भएका व्यक्ति र बेपत्ता नागरिक लगायत सबै जनसमुदायप्रति उच्च सम्मान व्यक्त गर्दछु ।

जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकार अन्तर्गत यस कार्यालयबाट उपलब्ध हुने सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, भरपर्दो र पारदर्शी बनाउन हामी हरपल प्रयत्नरत रहनेछौं ।

बजेट तर्जुमा गर्दा नेपालको संविधान, संघीय सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन २०७४, संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून र मापदण्ड, आवधिक योजना, आर्थिक ऐन, आर्थिक विधेयक, कार्यपालिका सदस्य र नगर सभाका सदस्यहरु साथै विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, संघ सस्था, बुद्धिजिवि, नागरिक समाज, व्यवसायी, नागरिकहरुबाट प्राप्त सुझावहरुलाई यथासम्भव मार्गदर्शनको रुपमा लिएका छौं ।

सार्वजनिक, नीजि र सहकारीको क्षेत्रको सहभागिता मार्फत लमही नगरपालिकाको अर्थतन्त्रलाई सुदृढ बनाउँदै नगरपालिका क्षेत्रमा उपलब्ध साधन स्रोतको सीमान्तकृत, पछाडी परेका वर्ग, क्षेत्र, लिङ्ग, जाति र समुदायलाई न्यायोचित वितरण हुनेगरि आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

अव म लमही नगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ मा स्विकृत गरिएको वार्षिक बजेट सिमा प्रस्तुत गर्न चाहन्छु ।

| क्र.स | विवरण | श्रोत | आगामी आ.व. २०८२/०८३ को लक्ष्य |
|---|---|---|---|
| १ | संघिय सरकार | समानिकरण अनुदान | १४ करोड ६ लाख |
| २ | संघिय राजश्वबाँडफाँड | राजश्वबाँडफाँड | १४ करोड ६लाख |
| ३ | संघीय सशर्त अनुदान | सशर्त चालु तर्फ | २३ करोड ३२ लाख ५ हजार |
| ४ | संघीय सशर्त अनुदान | पुँजिगत तर्फ | १० करोड ३६ लाख |
| ५ | संघीय सरकार समपुरक | समपुरक अनुदान | १ करोड ५० लाख |
| ६ | प्रदेश सरकार | समानिकरण अनुदान | ९९ लाख २ हजार |
| ७ | प्रदेश सरकार सशर्त | सशर्त अनुदान | १ करोड १९ लाख ६२ हजार |
| ८ | प्रदेश समपुरक | समुरक अनुदान | १ करोड ५ लाख |
| ९ | प्रदेश राजश्वबाँडफाँड (सवारी साधन कर) | राजश्वबाँडफाँड (सवारी साधन कर) | १ करोड ७६ लाख ९५ हजार |
| १० | आन्तरिक श्रोत | आन्तरिक | ५ करोड ५ लाख ५५ हजार |
| ११ | राजश्वबाँडफाँड- स्थानीय | बाँडफाँड भइ प्राप्त हुने राजश्व | ९ करोड ९ लाख |
| १२ | बैंक मौज्दात | बैंक मौज्दात | २ करोड |
| १३ | लमही अस्पताल आन्तरिक तर्फ | आन्तरिक | १ करोड १० लाख |
| | | जम्मा | ८४ करोड ४५ लाख १९ हजार ५ सय |

चालु आर्थिक वर्षमा आन्तरिक आय तर्फ १४ करोड १४ लाख ५५ हजार प्रक्षेपण गरिएकोमा आषाढ ९ गते सम्म जम्मा रु. ७ करोड ३८ लाख २ हजार ६९ मात्र संकलन भएको छ । जुन कुल प्रक्षेपणको लगभग ५० प्रतिशत हुन आउछ ।

चालु आर्थिक वर्षमा कुल ८४ करोड ४५ लाख १९ हजार ५ सय बजेट सिमा प्रक्षेपण गरिएकोमा जेठ मसान्त सम्म जम्मा ४८ करोड ४९ लाख ४४ हजार ४८ रुपैंया खर्च भएको छ । जुन जम्मा बजेटको ५७.४२ प्रतिशत हुन आउछ ।

**अध्यक्ष महोदय,**

**अव म चालु आर्थिक वर्षको कार्यान्वयनको अवस्था संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

१. नगरसभा र कार्यपालिकाबाट स्वीकृत तथा प्रमाणीकरण गरी २२ वटा ऐन, नियम, नियमावली, कार्यविधी, निर्देशिका तथा मापदण्डहरू राजपत्रमा प्रकाशित गरिएको छ र लमही नगरपालिकाका १५० भन्दा बढी जनप्रतिनिधी तथा कर्मचारीहरूको लागि तालिम सञ्चालन गरि क्षमता विकास गरिएको छ ।

२. प्रत्येक वर्ष हुने स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (**LISA**) मा क्रमशः सुधार गर्दै आ.व. २०८१/०८२ मा ९०.७५ प्रतिशत अंक प्राप्त भएको छ र स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कनमा ६४.५ प्रतिशत प्राप्त भएको छ।

३. विद्युतीय शासनको अवधारणालाई अवलम्बन गरी अधिकतम सेवाहरु छिटो, छरितो र सहज रुपमा प्रदान गरिएको छ ।

४. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न विषयमा शिक्षक तालिम सञ्चालन, पालिकास्तरिय परीक्षा सञ्चालन, विभिन्न कार्यशाखा उत्प्रेरणामूलक, क्षमता विकास तालिम पुरस्कृत गर्ने कार्य सञ्चालन, विद्यालय कर्मचारीहरूलाई सम्मान पुरस्कृत गर्ने कार्य सञ्चालन पुस्तकालय, विज्ञान प्रयोगशाला र शिक्षालाई प्रविधिभमैत्री र सूचनामैत्री बनाउनको लागि २ वटा विद्याललयमा ICT LAB स्थापना गरिएको छ।

५. सामुदायिक विद्यालयमा निजी स्रोत शिक्षकलाई अनुदान प्रदान गरि ६६ जना निजी शिक्षकको व्यवस्था गरिएको छ ।

६. स्थानीय पाठ्यक्रम १ कक्षा)-८ ५ र कक्षा ८ कार्यान्वयन गर्ने सन्दर्भमा कक्षा ( को पाठ्यपुस्तक लेखन कार्य सम्पन्न भई छपाइको प्रक्रियामा रहेको छ ।

७. राष्ट्र निर्माण एवं विकासमा खेलाडीको भूमिकालाई सवल, सक्षम र प्रभावकारी बनाउन विद्यालयस्तरीय खेलकुद प्रतियोगिता एवं विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता र जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सम्पन्न गरिएको छ ।

८. “राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम” अन्तर्गत यस नगरपालिकाको १ वटा विद्यालयमा चार कोठे भवन र १ वटा विद्यालयमा दुई कोठे भवन निर्माण गर्दै शिक्षा क्षेत्रमा नविन प्रविधि प्रवर्द्धन गरी विद्यालयको अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाउनका लागि आधारभूत सञ्चालित ८-१)) र माध्यमिक विद्यालयमा सिसि.. क्यामेरा मर्मत सम्भार र त्यसबाट अनुगमन गर्ने कार्य भएको छ ।

९. सहकारी संस्थाका अध्यक्ष तथा व्यवस्थापक विच अन्तरक्रिया तथा वैठक बसी सहकारी संस्थाको निरिक्षण अनुगमन तथा आवश्यकता अनुसार सहकारी शिक्षा कार्यक्रम सञ्चालन गरिएको र नियमित रुपमा गर्दै आईरहेको तालिम यस आ. व. मा पनि निरन्तरता गरिएको छ ।

१०. सूचना प्रविधि क्षेत्रलाई थप प्रभावकारी बनाउन Interactive Digital Board खरिद, हेल्पडेस्क सफ्टवेयर खरिद गरिएको छ । जनप्रतिनिधि/कर्मचारीहरुको क्षमता विकास गर्नको लागि कम्प्युटर प्रबिधि तालिम सञ्चालन गरिएको छ ।

११. दाङ जिल्ला भित्रका स्थानीय तहहरुले सम्पादन गर्ने न्यायिक निरुपणको बारेमा अनुभव आदान प्रदान गर्नका लागि अन्तरपालिका बैठक सम्पन्न भएको छ ।

१२. अधारभूत मेलमिलापकर्ता तालिम सञ्चालन गरि प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ । न्यायिक क्षेत्रमा गरिने अन्य स्थानीय तहको अभ्यास र न्यायिक निरुपणको बारेमा अध्ययन अवलोकन गर्ने उद्धेश्यले न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीलाई अध्ययन अवलोकन भ्रमण गराईएको छ ।

१३. लमही नगरपालिकाका ५ बर्षमुनिका सबै बालवालिकाहरुलाई पूर्णखोप लगाएको सुनिश्चित गरी पालिकालाई पूर्णखोप सुनिश्चितता तथा दीगोपनायुक्त पालिका घोषणा गरिएको छ ।

१४. कुपोषित बालवालिकाहरुको उपचार एवं ब्यवस्थापन गर्नका लागि गत आ.व.मा २ वटा बहिरङ्ग उपचार कक्ष (OTC) स्थापना गरिएकोमा यस आ.व. मा २ वटा अरु थप गरी ४ वटा बहिरङ्ग उपचार कक्ष सञ्चालनमा ल्याइएको छ।

१५. वाल स्वास्थ्य तर्फ नियमित खोप, तौल अनुगमन, बालरोगको एकिकृत ब्यवस्थापन, भिटामिन ए तथा जुकाको औषधि वितरण जस्ता कार्यहरु नियमितरुपमा स्वास्थ्य संस्थाहरुबाट संचालन गरिएको छ । यी सबै कार्यहरु प्रभावकारीरुपमा संचालन भएकै कारण लुम्बिनि प्रदेशमा लमही नगरपालिका उत्कृष्ठ स्थानमा रहेको छ । बाल स्वास्थ्यको क्षेत्रमा उत्कृष्ट कार्य सम्पादन गरेवापत स्वास्थ्य सेवा विभागबाट लमही नगरपालिका सम्मानित समेत भएको छ ।

१६. यस आ.व. जनता संग मेयर कार्यक्रम अन्तर्गत लमही अस्पतालमा थाइरोइड जाँचको लागि आबश्यक पर्ने क्लिया मेशिन (CLIA Machine), एक्स रे मेशिन र हेमाटोलोजी एनालाइजरको ब्यवस्था गरिएको छ ।अस्पतालमा नयाँ प्रयोगशाला भवन निर्माण गरिएको छ ।

१७. एच.पि.भि. खोप अभियान सञ्चालन गरी लमही नगरपालिकाका १० देखि १४ बर्षसम्मका किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर हुनबाट बचाउँन एच.पि.भि. खोप लगाइएको छ ।

१८. आमासँग उपमेयर कार्यक्रम मार्फत लमही नगरपालिकामा रहेका स्वास्थ्य संस्थामा सुत्केरी हुने आमाहरुलाई पोषण खर्च भनी जनही रु. १०००।– का दरले रकम उपलब्ध गराइएको छ ।

१९. जेष्ठ नागरिकलाई लक्षित गरी वडा नं. १ र ३ मा आयुर्वेदिक स्वास्थ्य शिविर संचालन गरिएको छ ।

२०. समुदायस्तरमा स्वास्थ्य क्षेत्रमा काम गर्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन गर्नका लागि खाजा तथा सञ्चार खर्चको ब्यवस्था गरिएको छ ।

२१. हालसम्म नगरपालिकाका ७२२ जना अपांगता भएका व्यक्तिहरुलाई अपांगता परिचयपत्र वितरण गरिएको र चालु आ व मा ३५ जना अपाङ्गता भएका विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरिएको छ ।

२२. CFLG सम्बन्धित विभिन्न कार्यक्रम, सरफ साबुन बनाउने तालिम, फलामको औजार (हँसिया, खुकुरी, खुँडा) बनाउने तालिम लगायत विभिन्न क्षमता विकास तथा सिप विकास कार्यक्रम सञ्चालन भईसकेका छन् साथै उदाहरणीय र प्रेरणादायि प्रत्येक वडा बाट एक जना महिलालाई सम्मान गरिएको छ ।

२३. ३३ जना हिंसा पिडित महिलाहरुलाई अल्पकालिन आश्रय दिइएको छ साथै लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान, वक्तृत्वकला प्रतियोगिता, लागु पद्धार्थ दुर्व्सनी सम्बन्धि कार्यक्रममा महिला, बालबालिका, युवा लगायत सरोकारवाला सबैको सहभागिता गराइ सम्पन्न गरिएको छ ।

२४. लमही नगरपालिकाका सम्पूर्ण किसानहरुलाई नि:शुल्क औषधिका साथै खोप सेवा प्रदान गरिएको छ ।

२५. वडा नं. १, २ र ३ का किसानहरुलाई सहज रुपमा सेवा प्रदान गर्नको लागि लमही नगरपालिका वडा नं. १ मा पशु सेवा केन्द्र स्थापना गरिएको छ ।

२६. विपद प्रभावितहरूको उचित व्यस्थापनको लागि बहुउद्धेश्यीय सेल्टर हाउस निर्माण प्रक्रिया अघि बढेको छ।

२७. नागरिकको स्वच्छ खानेपानीमा पँहुच अभिबृद्धि सुनिश्चितताको लागि खानेपानी, सरसफाइ तथा उपभोक्ता समिति व्यवस्थापन सम्बन्धी कानून निर्माण गरी खानेपानी, सरसफाइ तथा उपभोक्ता समिति दर्ता तथा नविकरण कार्यको थालनी भएको ।

२८. खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन सूचना प्रणालि (NWASH MIS) मार्फत योजना निर्माण गरिएको ।

२९. लमही नगरपालिका वडा नं. ३ का जम्मा २४ जना भूमिहिन सुकुम्बासी परिवारलाई चालु आ व मा पुर्जा वितरणको तयारी पुरा भएको छ ।

३०. वडा नं. ३, ५, ६, ७, ८ र ९ का १३१ भुमिहिन दलित र ८२२ सुकुम्बासीको निवेदनलाई कार्यपालिका बैठकबाट स्विकृत गरि भूमि समस्या समाधान आयोग दाङमा पेश गरिएको छ ।

३१. किसान सूचिकरण कार्यक्रम अन्तर्गत लमही नगरपालिकाका वडा नं. १,२ र ३ मा जम्मा ३११४ कृषकहरु सूचिकृत गर्ने कार्य सम्पन्न भएको छ ।

३२. उन्नत तथा हाइब्रिड धानको बीउ, मकै, च्याउ, ढैंचाको बीउ बितरण कार्य गरिएको छ ।

३३. चालु आ.व मा लमही नगरपालिका क्षेत्र भित्र कुल ७.० कि.मि. कालोपत्रे वाटो निर्माण कार्य सम्पन्न गरिएको छ ।

३४. चालु आ.व मा पूर्वाधार विकास तर्फ सडक ग्राभेल १९ कि.मि. , पक्की नाली निर्माण १२ कि.मि. र ९ वटा कल्भट निर्माण सम्पन्न भएको छ ।

३५. नगरका सबै वडामा नगर स्वास्थ्य केन्द्र स्थापनालाई निरन्तरता दिदै यस बर्ष लमही वडा नं ७ मा नगर स्वास्थ केन्द्रको निर्माण कार्य समाप्त भईसकेको छ ।

३६. वडा नं ५ मा पशु सेवा भवन निर्माणको ठेक्का सम्झौता भईसकेको र यस आ.व. मा समापन गर्ने गरि निर्माण कार्य सुरुवात भईसकेको छ ।

३७. लमही अस्पतालमा रहेको सिकल सेल भवन निर्माण भई फिनिसिङको कार्य यसै आ व  मा सम्पन्न हुनेछ ।

३८. लमही नगर क्षेत्रको आन्तरिक आयको भरपर्दो आधार नदीजन्य पदार्थको उत्खनन तथा विक्रि वितरण गर्ने प्रयोजनको लागि ठेक्का सम्झौता भएर कार्य सम्पन्न भईसकेको छ ।

३९. शहरी शसकीय पूर्वाधार आयोजना अन्तर्गत चालु आ वमा ७ करोड १३ लाख बराबरको बजेटबाट जम्मा ५२ वटा विभिन्न आयोजनाहरू सम्पन्न गरिएको छ। जसबाट करिब १५ सय स्थानीय नागरिकले प्रत्यक्ष्य रोजगारी पाएका छन्।

४०. सुराक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत चालु आव मा विनियोजन भएको २५ लाख रकमबाट सबै वडाहरूमा टिनको छाना लगाएकाहरूलाई दोस्रो किस्ताबापत् ८९ घरधुरीलाई भुक्तानी दिइएको छ।

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट सिमा प्रस्तुत गर्न चाहन्छु ।

| क्र.स | विवरण | श्रोत | आगामी आ.व. २०८२/ ०८३ को लक्ष्य |
|---|---|---|---|
| १ | संघिय सरकार | वित्तिय समानिकरण अनुदान | १४ करोड ८९ लाख |
| २ | संघिय राजश्व बाँडफाँड | राजश्व बाँडफाँड | १६ करोड १० लाख ६५ हजार ९ सय २९ |
| ३ | संघीय सशर्त अनुदान | सशर्त चालु तर्फ | २२ करोड २३ लाख |
| ४ | संघीय सशर्त अनुदान | पुँजिगत तर्फ | ४ करोड ८१ लाख |
| ५ | संघीय सरकार समपुरक | समपुरक अनुदान | १ करोड १८ लाख |
| ६ | प्रदेश सरकार | वित्तिय समानिकरण अनुदान | १ करोड ८२ हजार |
| ७ | प्रदेश सरकार सशर्त | सशर्त अनुदान | १ करोड १५ लाख ८ हजार |
| ८ | प्रदेश समपुरक | समुरक अनुदान | १ करोड २० लाख |
| ९ | प्रदेश राजश्वबाँडफाँड (सवारी साधन कर) | राजश्वबाँडफाँड (सवारी साधन कर) | १ करोड ७७ लाख ३९ हजार |
| १० | आन्तरिक श्रोत | आन्तरिक | ५ करोड ३८ लाख ५ हजार |
| ११ | राजश्वबाँडफाँड-स्थानीय | बाँडफाँड भई प्राप्त हुने राजश्व | १४ करोड ५९ लाख |
| १२ | बैंक मौज्दात | बैंक मौज्दात | २ करोड |

| | | | |
|---|---|---|---|
| १३ | लमही अस्पताल आन्तरिक तर्फ | आन्तरिक | १ करोड ५० लाख |
| | जम्मा | | ८८ करोड ३१ लाख ७ हजार ९ सय २९ |

अध्यक्ष महोदय,

अब म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट सिलिङ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| आर्थिक वर्ष २०८२/८३ को लागि निर्धारित बजेट सिलिङ | | |
|---|---|---|
| क्र.सं. | विषयगत शाखा / क्षेत्र | रकम रु. |
| १ | प्रशासनीक खर्च | १६ करोड ५५ लाख |
| २ | पूर्वाधार शाखा | ७ करोड |
| ३ | शिक्षा युवा तथा खेलकुद शाखा | ५ करोड ३ लाख ९३ हजार |
| ४ | भुक्तानी बाँकी | ४ करोड ५० लाख |
| ५ | समपुरक कोष | २ करोड ३७ लाख ६ हजार ९ सय २९ |
| ६ | क्रमागत आयोजना | २ करोड ३० लाख |
| ७ | लमही अस्पताल | १ करोड ५० लाख |
| ८ | विपद् व्यवस्थापन कोष | १ करोड |
| ९ | विपद् व्यवस्थापन शाखा | २५ लाख ६० हजार |
| १० | जनतासँग मेयर कार्यक्रम | १ करोड |
| ११ | जनतासँग उपमेयर कार्यक्रम | १ करोड |
| १२ | पशु सेवा शाखा | ५७ लाख |
| १३ | कृषि शाखा | ५४ लाख |
| १४ | स्वास्थ्य शाखा | ६२ लाख ५० हजार |
| १५ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | ५० लाख |
| १६ | सुशासन तथा संस्थागत विकास शाखा | ४७ लाख |
| १७ | आयुर्वेद शाखा | ४० लाख |
| १८ | खानेपानी सरसफाई तथा स्वच्छता उप | ३६ लाख ६५ हजार |

| | | |
|---|---|---|
| | शाखा | |
| १९ | पर्यटन तथा प्रवर्दन उप-शाखा | २० लाख |
| २० | सामी कार्यक्रम | १९ लाख ८५ हजार |
| २१ | सहकारी शाखा | १६ लाख २५ हजार |
| २२ | लघु उद्यम विकास कार्यक्रम | १३ लाख |
| २३ | भुमी व्यवस्थापन शाखा | १० लाख |
| २४ | सूचना तथा संचार प्रविधि शाखा | ८ लाख |
| २५ | योजना शाखा | ७ लाख ५० हजार |
| २६ | उपभोक्ता तथा हित संरक्षण शाखा | ६ लाख २५ हजार |
| २७ | राजश्व शाखा | ५ लाख |
| २८ | न्यायिक समिति | १८ लाख ५० हजार |
| २९ | वन तथा वातावरण उप-शाखा | ६ लाख |
| ३० | नगर प्रमुखको सचिवालय | १० लाख |
| ३१ | लमहि नगरपालिका वडा नं. १ | १ करोड १० लाख |
| ३२ | लमहि नगरपालिका वडा नं. २ | १ करोड १० लाख |
| ३३ | लमहि नगरपालिका वडा नं. ३ | १ करोड १० लाख |
| ३४ | लमहि नगरपालिका वडा नं. ४ | १ करोड १० लाख |
| ३५ | लमहि नगरपालिका वडा नं. ५ | १ करोड १० लाख |
| ३६ | लमहि नगरपालिका वडा नं. ६ | १ करोड १० लाख |
| ३७ | लमहि नगरपालिका वडा नं. ७ | १ करोड १० लाख |
| ३८ | लमहि नगरपालिका वडा नं. ८ | १ करोड १० लाख |
| ३९ | लमहि नगरपालिका वडा नं. ९ | १ करोड १० लाख |
| | कुल रकम रु. | ५७ करोड २९ लाख ९ हजार २९ |

**अब म आगामी आर्थिक वर्षको बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

**बजेटका उद्धेश्य देहाय बमोजिम रहेका छन्,**

- नगर समृद्धिको आधार, गुणस्तरीय तथा प्राविधिक शिक्षाको विस्तार भन्ने मूल नारालाई आत्मसाथ गर्दै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्ने ।
- स्थानीय उत्पादन, उत्पादकत्व र रोजगारीमा वृद्धि गर्ने ।

- सार्वजनिक प्रशासनलाई गुणस्तरीय र सुशासन युक्त बनाउने ।
- न्यायीक समितिको लागि आवश्यक सफ्टवयेर जडान गर्ने ।
- JESI Policy निर्माण गर्ने ।
- सबै वडाको जग्गा नापजाँच सम्पन्न गरि पुर्जा वितरण गर्ने ।
- वातावरण मैत्री स्थानीय तह निर्माणको लागि पहल गर्ने ।

**माथिका उद्धेश्य प्राप्त गर्न देहायका प्राथमिकताहरु निर्धारण गरेको छु ।**

- शिक्षा क्षेत्रको गुणस्तर वृद्धि
- पहुँचयोग्य स्वास्थ्य सेवा
- गुणस्तरीय र दिगो पूर्वाधार निर्माण
- जलवायु परिवर्तन न्यूनिकरण, विपद् व्यवस्थापन र वातावरण संरक्षणमा लगानी
- कृषि र पशुपालन क्षेत्रमा लगानी ।
- महिला, बालबालिका, अल्पसंख्यक लगायत क्षेत्रमा लगानी
- सार्वजनिक क्षेत्रलाई थप मर्यादित, पारदर्शी र मितव्ययी बनाउन आवश्यक कानूनको निर्माण ।

**अध्यक्ष महोदय,**

**सदस्य ज्यूहरु,**

**उपस्थित सम्पूर्ण महानुभावहरु,**

लमही नगरपालिकाको आन्तरिक राजश्व लक्ष्य अनुरुप संकलन हुन नसकेको कारण बजेटले सबै क्षेत्र र विषयबस्तुलाई समेट्न नसकेतापनि आर्थिक वर्ष २०८२/०८३ को बजेटको कार्यान्वयनबाट नगरको समुचित विकास हुने, कृषि क्षेत्रका कृषकहरुलाई अनुदानमा आधारित कार्यक्रमबाट सहुलियत प्राप्त हुने, नागरिकको आवश्यकता अनुसार पूर्वाधार निर्माणको क्षेत्रमा कार्यक्रम सञ्चालन हुने, स्वास्थ्य, शिक्षा, को क्षेत्रमा नागरिकका आवश्यकतालाई प्राथमिकतामा राखि कार्यक्रम सञ्चालन हुने र न्यायपूर्ण समाजको निर्माण हुने अपेक्षा लिएको छु ।

अन्त्यमा, लमही नगरपालिकाले आगामी आर्थिक वर्षमा सञ्चालन गर्न लागेका वार्षिक योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि वित्तिय सुधार र आर्थिक अनुशासनबाट कर छलि तथा प्राकृतिक स्रोतको चोरी निकासी नियन्त्रण भई सुन्दर, समृद्ध, र आत्मनिर्भर नगर बन्नेछ भन्ने विश्वास सहित आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट निर्माण तथा कार्यान्वयनमा मार्गदर्शन गर्नुहुने कार्यपालिका सदस्य र नगर सभाका सदस्यहरु साथै विषयगत समितिका पदाधिकारीहरु, विभिन्न राजनीतिक दलका पदाधिकारीहरु, संघ सस्था, बुद्धिजिवी, नागरिक समाज, व्यवसायी र राष्ट्रसेवक कर्मचारीहरुलाई सुझाव, सल्लाह र सकारात्मक सहयोगको अपेक्षा सहित सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

नमस्कार ।